# सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः२, संख्याः१५, पौष २० गते, २०७५ साल

## भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३) वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**<u>सरुमारानी गाउँपालिका</u>**

# शिक्षा योजना तथा शैक्षिक गुणस्तर सुधार कार्यान्वयन कार्यविधि, २०७५

सम्वत् २०७५ सालको नियम नं १५

## परिच्छेद १
## प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी कार्यविधिको नाम " सरुमारानी गाउँपालिका शिक्षा योजना तथा शैक्षिक गुणस्तर सुधार कार्यान्वयन कार्यविधि २०७५" रहेकोछ ।

(२) यो कार्यविधिसरुमारानी गाउँपालिकाक्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) " ऐन" भन्नाले सरुमारानी गाउँपालिका शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(ख) " कार्यपालिका" भन्नाले सरुमाारानी गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) " कार्यविधि" भन्नाले " सरुमारानी गाउँपालिका शिक्षा योजना तथा शैक्षिक गुणस्तर सुधार कार्यान्वयन कार्यविधि, २०७५" लाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको सरुमारानी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ङ) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका स्लामिक मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनु पर्छ ।

(च) "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(छ) " छनौट समिति" भन्नाले यसै कार्यविधि अर्न्तगत शिक्षक छनौटको लागिपरीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(ज) " पाठ्यक्रम " भन्नाले संघीय ऐन/नियमावली वमोजिम निर्धारण गरिएको पाठ्यक्रम सम्झनु पर्दछ ।

(झ) " प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ञ) " अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(ट) " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख कार्यकारी अधिकृतलाई सम्झनु पर्छ ।

(ठ) " बाल बिकास केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी,शिशुआदि सम्झनु पर्छ ।

(ड) " व्यवस्थापन समिति" भन्नाले ऐन वमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ) " मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ण) " शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(त) " शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने शाखा सम्झनु पर्छ ।

(थ) " शिक्षा समिति" भन्नाले स्थानीय तहको कार्यपालिकाको अध्यक्षले नेतृत्व गरेको ऐन वमोजिमगठित समिति सम्झनु पर्छ ।

(द)" शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ ।

(ध)" अनुदान शिक्षक" भन्नाले गाउँपालिकाको वार्षिक अनुदानवाट तलव भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिले नियूक्ति प्रदान गरेको शिक्षक सम्झनु पर्छ ।

## परिच्छेद २
## शिक्षा योजना तथा शैक्षिक गुणस्तर सुधार

३. कार्यविधिको औचित्य : (१) शिक्षाले नागरिकको मुल्य,मान्यता, जिम्मेवार नागरिक ,सृजनात्मक सोच र संवेगात्मक विकास गराउन सक्नु नै गुणस्तरीय शिक्षा हो । शैक्षिक गुणस्तर भनेको शिक्षामा

उत्कृष्ठता अर्थात शैक्षिक क्षेत्रको लगानी प्रकृया र उत्पादन विचको तालमेल हो । प्रतिस्पर्धात्मक वजारमा खपत हुन सक्ने ज्ञान तथा सिप प्रदान गर्ने शिक्षालाई नै गुणस्तरिय शिक्षा भनिन्छ । संक्षेपमा शिक्षामा यसका समग्र संरचनालाई पूर्ण क्षमतामा संचालित गर्नु र उच्चतम प्रतिफल हासिल गर्नु शैक्षिक गुणस्तर हो । वर्तमान विद्यालय क्षेत्र विकास योजना २०७३/०७४ –२०७९/२०८० मा शैक्षिक गुणस्तर वृद्धि गर्ने लक्ष्य छ । शैक्षिक गुणस्तरको पहिलो तत्व बालबालिका हुन । दोस्रो तत्व विद्यालयको वातावरण हो । यसमा कक्षा कोठा , फर्निचर , शौचालय , खेल मैदान, पुस्तकालय , प्रयोगशाला जस्ता सुविधाहरु , अपांगमैत्री ,पर्याप्त स्वच्छ , स्वस्थ , भयमुक्त हुन आवश्यक छ । तेस्रो तत्व, पठनपाठन हुने विषयवस्तु हुन् । चौथो तत्व, शिक्षण शिकाई प्रकृया र पाचौ तत्व विद्यार्थीले प्राप्त गर्ने उपलव्धी हो । तसर्थ यस गाउपालिका अन्तर्गतका विद्यालयहरुको विद्यार्थी संख्याको चाप,न्यून सिकाई उपलव्धी कमजोर कक्षाकोठा व्यवस्थापन , अभिमभावक सम्पर्क तथा समन्वयमा कमी , शैक्षिक उपलव्धी वृद्धि गर्ने विषयमा उत्साहपूर्ण तथा जीवन्त छलफल एवं सरोकारवालाहरु विच पर्याप्त संवाद नभैरहेको अवस्थालाई अन्त्य गरी शैक्षिक गुणस्तर सुधार गर्न अत्यावश्यक देखिएकाले यो कार्यविधिको निर्माण गरि गुणस्तर सुधार गर्न उल्लेखित अवस्थाको मुल्यांकनको आधारमा निम्न विद्यालयहरुमा ५० प्रतिशत भन्दा कम सिकाइ उपलव्धी भएका विद्यालयहरुमा सिकाई उपलव्धी वृद्धि गर्न तपसिल वामोजिमको रकम आ.व.२०७५।०७६का लागिकार्यपालिकाको निर्णय वमोजिम विनियोजन गर्ने व्यवस्था मिलाइने छ । त्यसै गरी विद्यार्थी चाप वढी भएका विद्यालयको हकमा कक्षागत रुपमा विश्लेषण गरी आधारभूत तह कक्षा ६–८ , मा.वि. कक्षा ६–१० र कक्षा ६–१२ लाई आधार मानी प्रति विद्यार्थीका दरले अनुदानको व्यवस्था गरिनेछ ।

**४)उक्त कार्यको लागी खर्च गर्ने आधार तथा शर्तहरु निम्नानुसार हुनेछन् :**

क) विद्यायालयले गुणस्तर सुधार सम्वन्धी वार्षिक कार्ययोजना तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

ख) निःशुल्क वा न्यूनतम शुल्कमा अनिवार्य अतिरिक्त कक्षा संचालन गर्नुपर्नेछ ।

ग) शिक्षक-विद्यार्थी, शिक्षक-विद्यालय व्यवस्थापन समिति-अभिभावक संघ, शिक्षक-विद्यार्थी-विद्यालय व्यवस्थापन समिति-अभिभावक संघ विच छुट्टाछुट्टै अन्तक्रीया गर्नुपर्नेछ ।

घ) विषयगत शिक्षकहरुलाई विषय विशेषज्ञहरुसँग छलफल/परामर्श गर्नुपर्ने वातवरण मिलाउनुपर्नेछ ।

ङ) विद्यालयले अभिभावक भेलाको आयोजना गर्ने एवं अभिभावकहरुसँग निरन्तर संवाद/अन्तरक्रिया संचालन गर्दै विद्यालयलाई समुदायसँग जोड्नुपर्नेछ ।

च) विद्यालयले विद्यार्थी, शिक्षक र अभिभावकहरुले पालना गर्नुपर्ने तोकिएको आचारसंहिताका अतिरिक्त विद्यालय व्यवस्थापन समितिले आवश्यक ठानेका अन्य विषयहरु समेत पहिचान गरी स्पष्ट देखिने गरी अनिवार्य रुपमा सार्वजनिक गुर्नपर्नेछ ।

छ) विद्यालयले विद्यार्थी परामर्श सेवा संचालन गर्नको लागि शिक्षकहरु मध्येवाट परामर्श समिति गठन गर्नुपर्नेछ । उक्त परामर्श समितिमा संभव भएसम्म समावेशीताको पक्षलाई ध्यान दिई गठन गर्नुपर्नेछ । परामर्श समितिले अनिवार्य रुपमा विद्यार्थीहरुलाई परामर्श सेवा प्रदान गर्नुपर्नेछ ।

**३) गाउँपालिका भित्रका विद्यालयहरुको विद्यामान अवस्था :**

शैक्षिक गुणस्तरको पहिलो तत्व बालबालिका भएकाले विद्यार्थी भर्नाअभियानद्धारा २०७५ वैशाख महिनामा विद्यार्थी भर्ना गरिएको छ । निशुल्क पाठ्यपुस्तक वितरण गरिएको छ । यस गाउँपालिकाको औषत सिकाई उपलव्धी ५३ प्रतिशत रहेको छ । शैक्षिक शत्र २०७५ मा यस औषत सिकाई उपलव्धीलाई ६० प्रतिशतमा पुर्‍याउने लक्ष्य निर्धारण गरिएको हुँदा यो लक्ष्य प्राप्तीको लागि २७ वटा सामुदायिका विद्यालयहरुको समेत जिम्मेवारी हुन आउछ ।

**५.(क) न्यून सिकाई उपलव्धी भएका विद्यालय तथा सिकाइ उपलव्धी र गुणस्तर सुधारको लागी अनुदान रकम**

| क.सं. | विद्यालयको नाम | ठेगाना | संचालित | अनुदान दर |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | कक्षा | |
| १ | ने.रा प्रा.वि पाङकोट | सरुमारानी ६ | १-५ | १,५०,०००।– |
| २ | बालविकास प्रा.वि सजिकोट | सरुमारानी ३ | १-४ | १,००,०००।- |
| ३ | ज्वाला प्रा.वि. डुङरुङगे | सरुमारानी ४ | १-२ | ५०,०००।- |
| ४ | श्रमरानी प्रा.वि दाङसिंङ मान्द्रे | सरुमारानी ४ | १-२ | ५०,०००।- |
| ५ | राप्ती प्रा.वि. दुमै | सरुमारानी ३ | १-२ | ५०,०००।- |

**५.(ख) विद्यार्थी चाप वढी भएका विद्यालयहरुलाई प्रति विद्यार्थीका दरले हुने अनुदान रकम**

| क.सं. | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | चाप वढी भएका कक्षा /विद्यार्थी संख्या | अनुदान दर |
|---|---|---|---|---|---|
| १ | सरस्वती मा.वि चाभा | सरुमारानी ३ | १-१२ | ६-१२ /४६५ | २,२३,६६५।– |
| २ | सरस्वती मा.वि वाङ्गेसाल | सरुमारानी १ | १-१२ | ६-१२ /४३८ | २,१०,६८०।– |
| ३ | भिमसेन मा.वि जस्पुर | सरुमारानी ५ | १-१० | ६-१० /३१९ | १,५३,४४०।- |
| ४ | जनता मा.वि.वड्डाडा | सरुमारानी ४ | १-१० | ६-१० /३१२ | १,५०,०७० ।- |
| ५ | श्रमरानी मा.वि वुढीचौर | सरुमारानी ६ | १-१० | ६-१० /२४१ | १,१५,९२०।- |
| ६ | खड्केश्वरी मा.वि दर्भान | सरुमारानी २ | १-१० | ६-१० /१७० | ८१,७७०।- |
| ७ | सत्य मा.वि ददेरी | सरुमारानी | १-१० | ६-१० | ७२,६३०।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २ | | /१५१ | |
| ८ | ने रा आ वि हंसपुर | सरुमारानी ३ | १-८ | ६-८ /७९ | ३८,०००।- |
| ९ | बाल विकास आ वि गनाह | सरुमारानी २ | १-८ | ६-८ /६७ | ३२,२३०।- |
| १० | अनुगमन तथा प्रतिवेदन खर्च | | | | २१,५९५।- |

## परिच्छेद ३
## विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था

६.विद्यालयलाई अनुदान दिने : (१) विद्यालयको आन्तरिक आय समेतलाई अध्ययन गरी विद्यालयलाई देहायका आधारमा अनुदान बाँडफाँड गरिने छ :

(क) विद्यालयको विद्यार्थी संख्या,
(ख) विद्यालयको शिक्षक संख्या,
(ग) विद्यालयको सिकाई उपलब्धी,
(घ) विद्यालयको आर्थिक अवस्था ।
(ङ) विद्यालयले पुरा गर्नु पर्ने न्युनतम पूर्वाधारहरु(Prioritized Minimun Enabling Conditions PEMEC)
च) विद्यालय रहेको भौगोलिक अवस्था
छ) सञ्चालित विद्यालय तह

(२) सरुमारानी गाउँपालिका भौगोलिक, सामाजिक र शैक्षिक रुपले पिछडिएको गाउँपालिका हो । जिल्लाको सदरमुकाम देखि टाढा हुनु र अधिकांश दलित र जनजातिको वसोबास हुनुको कारणले पनि यस गाउँपालिकाको शैक्षिक अवस्था पिछडिएको छ । भौगोलिक विकटताको कारण बालबालिकाको विद्यालय पहुँचमा कठिनाई रहेको अवस्था छ । नेपालमा प्रजातन्त्रको पुनः स्थापना पश्चात यस क्षेत्रमा शैक्षिक चेतना जागेको पाइन्छ । वि.स. २०६२ पश्चात विद्यालय नभएका गाउँहरुमा

विद्यालय स्थापना, संचालन र विद्यालय तह वृद्धिअनुमति लिने क्रम वढ्दो रुपमा रहनुको कारणले समुदाय माथी शिक्षक व्यवस्थापन लगायतको व्यय भार थपिनु , नेपाल सरकारवाट दरवन्दी कायम नहुनु जस्ता कारणले गर्दा यस पालिकाको शैक्षिक समस्या भनेकै शिक्षक अभाव हुनु वाट शैक्षिक अवस्था कमजोर देखिएको छ । यस गाउँपालिकामा संचालित धार्मिक २ वटा ईस्लामिक मदरसा सहित २७ वटा सामुदायिक विद्यालयहरु संचालनमा रहेकाछन् । जस मध्ये विद्यालय संचालनको अनुमति मात्र प्राप्त गरेको कक्षा १ संचालित विद्यालय ३ वटा , कक्षा १-२ संचालित ५ वटा , कक्षा १-५ संचालित १० वटा , कक्षा १-८ संचालित २ वटा, कक्षा १-१० संचालित ५ वटा र कक्षा १-१२ संचालित २ वटा रहेका छन् ।

उपरोक्त विद्यालयहरु नेपाल सरकारवाट स्वीकृती प्राप्त गरी संचालन गरिरहेका विद्यालयहरु मध्ये कक्षा थप /तह थप अनुमति लिएका विद्यालयहरुको संख्या वढी छ ।

नेपाल सरकारले आधारभूत तह देखि माध्यामिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मा स्थानीय तहलाई दिएको अवस्थामा विद्यालयहरुको शैक्षिक , आर्थिक , भौतिक अवस्थालाई व्यवस्थापन गर्नु पर्ने भएवाट आ.व.२०७५/२०७६ का लागी निम्नानुसार तहगत शिक्षक तलव भत्ता कायम गरी आ.व.२०७५/२०७६ को यस गाउँपालिकाको वार्षिक वजेट शिर्षक विद्यालय संचालन अनुदान अन्तर्गतवाट तोकिएको तलव भत्ता कायम हुने गरी कार्यार्थ यो कार्यविधिमा व्यवस्था गरी कार्यान्वयन गरिने छ ।

क) **तहगत शिक्षक तलव भत्ता**

| क सं | तह | संख्या | दर | महिना | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बाल विकास सहजकर्ता | ८ | ६०००।– | १३ | ४,८६,०००।- | ऐश्वर्य प्रा.वि भिंग्रीखोला, टाकुरा र कास्कोट इस्लामिक मदरसा,अमर ज्योति प्रा.वि.हकमा ६/६ महिनाको मात्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | प्राथमिक तह | १२ | १३०००। | ६ | ९,३६,०००। | |
| ३ | आधारभूत तह (नि.मा.) | १९ | १६०००। | ६ | १८,२४,०००।- | |
| ४ | माध्यमिक तह | १८ | २१०००।- | ६ | २२,६८,०००।- | |
| जम्मा | | ५७ | | | ५५,१४,०००।- | |

ख) विद्यालय संचालन अनुदानको लागि कोटा निर्धारण विवरण -( शैक्षिक शत्र २०७५को विद्यालय विवरण)

| क सं | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी संख्या | नेपाल सरकारवाट अनुदान प्राप्त शिक्षक संख्या | थप गरिएको दरवन्दी / अनुदान शिक्षक संख्या | अनुदान शिक्षक प्रा.वि.तह | अनुदान शिक्षक नि.मा. वि.तह | अनुदान शिक्षक मा.वि. तह |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमसेन मा.वि जस्पुर सरुमारानी -५ | १-१० | ६४३ | १३ जना | ४ | १ | - | ३ |
| २ | सरस्वती मा.वि.चाभा सरुमारानी ३ | १-१२ | ६४१ | १५ जना | ३ | | ३ | |
| ३ | सरस्वती मा.वि. वाङ्गेसाल सरुमारानी १ | १-१२ | ७६५ | १९ | १ | | | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | श्रमरानी मा.वि वुढिचौर सरुमारानी ६ | १-१० | ५०३ | ९ | ५ | | १ | ४ |
| ५ | खड्केश्वरी मा.वि दर्भान सरुमारानी २ | १-१० | ३९४ | ८ | ६ | | २ | ४ |
| ६ | जनता मा.वि. वड्डाडा सरुमारानी ४ | १-१० | ६३३ | १० | ७ | | ३ | ४ |
| ७ | सत्य मा.वि ददेरी सरुमारानी २ | १-१० | २९४ | ७ | ५ | | ३ | २ |
| ९ | ने.रा.आ.वि हंसपुर सरुमारानी ३ | १-८ | ३२३ | ६ | ४ | – | ४ | – |
| १० | बाल विकास आ.वि गनाहा सरुमारानी २ | १-८ | २६० | ७ | ३ | – | ३ | |
| ११ | संगम प्रा.वि वाङ्गेवेशी सरुमारानी ३ | १-२ | २२ | – | १ | १ | – | – |
| १२ | ऐश्वर्य प्रा.वि भिंग्रीखोला सरुमारानी ६ | १-५ | २०६ | ४ | १ | १ | – | – |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | वुद्ध प्रा.वि.छतिवन सरुमारानी ४ | १-५ | ७२ | २ | १ | १ | – | – |
| १४ | नमुना प्रा.वि सौराकोट सरुमारानी ५ | १ | १८ | – | १ | १ | – | – |
| १५ | ने.रा.प्रा.वि पाखापानी सरुमारानी ५ | १-५ | १२१ | ३ | १ | १ | – | – |
| १६ | खड्ग ने रा प्रा.वि झिलिवाङ सरुमारानी १ | **१-५** | १२८ | ३ | १ | १ | – | – |
| १७ | सत्यगोरखनाथ प्रा.वि सुजिनपुर सरुमारानी ३ | **१-५** | ११८ | ३ | १ | १ | – | – |
| १८ | भुवनेश्वरी प्रा.वि पाङवाङ सरुमारानी ६ | **१-५** | १२८ | ३ | १ | १ | – | – |
| १९ | कालिका प्रा.वि शिरुवारी सरुमारानी ४ | १-५ | १११ | ३ | १ | १ | – | – |
| २० | फौजुल स्लामिक मदरसा | १-२ | ३३ | १ | १ | १ | – | – |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सरुमारानी १ | | | | | | | |
| २१ | सुर्योदय प्रा.वि. ढाव सरुमारानी ३ | १-५ | १५५ | ४ | १ | १ | – | – |

**(ग) सहजकर्ता व्यवस्थापन सम्वन्धमा :**नेपाल सरकारले शिक्षा ऐन आठौ संशोधनवाट पूर्व प्राथमिक (बाल विकास केन्द्र) देखि कक्षा ८ (०-८) सम्म आधारभूत तह र कक्षा ९-१२ सम्म माध्यमिक तहको विद्यालय संरचना वनाए पश्चात संचालित विद्यालयहरुमा बाल विकास केन्द्र अनिवार्य व्यवस्था गरेको छ । जस अनुसार गाउँपालिका अन्तर्गत संचालनमा रहेका बाल बिकास केन्द्र देखि आधारभूत तह सम्मका शिक्षकहरुको व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको हुने हुदा संघिय सरकारवाट तलव भत्ता नपाउनेको हकमा मातृ विद्यालयको मातहतमा रहने गरी बालबालिकाको विद्यालय पहुँच टाढा हुने स्थानमा समुदाय स्तरमासंचालित बाल विकास केन्द्र र बाल बिकास केन्द्र नभएका विद्यालयहरुमा गा.पा.वाट नेपाल सरकारले निर्धारण गरेको तलव भत्ता पाउने गरी व्यवस्थापन गर्न निम्न अनुसारका विद्यालयहरुलाई सहजकर्ताहरुको प्रवन्ध मिलाइएको छ ।

| सि.नं | मातृ विद्यालयको नाम | सहज कर्ता संख्या | महिना | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | राप्ती प्रा.वि दुमई सरुमारानी ३ | १ | १३ | ६०००।- | ७८०००।- |
| २ | संगम प्रा.वि वाङ्गेवेशी सरुमारानी | १ | १३ | ६०००।- | ७८०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | | | | |
| ३ | कालिका प्रा.वि. शिरुवारी सरुमारानी ४ | १ | १३ | ६०००।- | ७८०००।- |
| ४ | खड्केश्वरी मा.वि दर्भान सरुमारानी २ | १ | १३ | ६०००।- | ७८०००।- |
| ५ | श्रमारानी प्रा.वि. मान्द्रे सरुमारानी ४ | १ | १३ | ६०००।- | ७८०००।- |
| ६ | ऐश्वर्य प्रा.वि भिंग्रीखोला सरुमारानी ६ | १ | ६ | ६०००।- | ३६०००।- |
| ७ | कास्कोट स्लामिक मदरसा सरुमारानी ३ | १ | ६ | ६०००।- | ३६०००।- |
| ८ | अमर ज्योति | १ | ६ | ४०००। | २४०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रा.वि.<br><br>राङभाङ सरुमारानी ५ | | | - | |

**(घ) प्र.अ.प्रोत्साहन भत्ता सम्वन्धी** : विद्यालयहरुको शैक्षिक ,आर्थिक, भौतिक विकासमा विद्यालय व्यवस्थापन समिति ,विद्यार्थी, शिक्षक , शिक्षक र अभिभावकको सुमधुर सम्वन्ध र समन्वयका साथै प्र.अ.को सक्रियतावाट विद्यालयको उल्लेखित कुराहरु पुरा गर्नको लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुन्छ । त्यसैले प्र.अ.को इच्छा शक्तिलाई प्रोत्साहन नगरी शैक्षिक विकास र उपलव्धीहरु हासिल नहुने र प्र.अ.लाई विभिन्न संघ संस्था , अभिभावक र कार्यालयहरुको सम्पर्क एवं वैठकमा सामेल भैरहनु पर्ने हुदा नेपाल सरकारवाट उपलव्ध गराउने प्र.अ. भत्ता न्यून भएको हुदा प्र.अ.हरुलाई प्रोत्साहन गर्नका लागि निम्न वमोजिम तहगत रुपमा प्र.अ. प्रोत्साहन भत्ता व्यवस्थापन गरिने छ ।

| तह | प्र.अ.प्रोत्साहन दर | महिना | संख्या | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| प्रा.वि.तह | ५००।- | ६ | १७ | ५१,०००। | |
| नि.मा.वि तह | ७००।- | ६ | २ | ८४००।- | |
| मा.वि. तह | १०००।- | ६ | ७ | ४२०००।- | |

## परिच्छेद-४
## विविध

७. विद्यालय संचालन अनुदान शिक्षक छनौट सम्वन्धी व्यवस्था : १) यस गाउँपालिकाले कार्यविधिको दफा ६(२) ख वमोजिम सृजना गरिएका विद्यालय संचालन अनुदान शिक्षकहरुको पदपुर्ती गर्नको लागि निम्नानुसारको छनौट समिति हुनेछ ।

संयोजक : प्रमुख प्रशासकीय अधिकृत
सदस्यः सम्वन्धीत विषय विज्ञ
सदस्य : प्रशासन शाखा प्रमुख
सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख
सदस्य सचिव : श्रोत व्यक्ति -(शिक्षा शाखा)

२) दफा ६(२) ख वमोजिम सृजना गरिएका विद्यालय संचालन अनुदान शिक्षकहरुको पदपुर्ती गर्नको लागि निम्नानुसारको शर्तहरु पुरा गरेको हुनपर्ने छ :

क) न्यूनतम् शैक्षिक योग्यताका प्रमाण पत्रहरु
ख) नेपाली नागरिकताको प्रमाण पत्र
ग) सम्वन्धित तहको शिक्षण अध्यापन अनुमति पत्र
घ) सम्वन्धित विषयको विज्ञापनमा पहिलो पटक १५ दिन सम्मको समयावधि भित्र सुचना पाटी तथा कार्यालयको वेभसाइटहरुमा सुचना गर्दा पनि अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरुको दरखास्त नपरेमा पुनः ७ दिनको म्याद राखी दोस्रो पटक विज्ञापन गरिने छ । दोस्रो पटकमा पनि अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरुको दरखास्त नपरेमा तेस्रो पटक पुनः ७ दिनको सूचना प्रकाशन गरी लेखा, कम्प्यूटर र विज्ञान विषयको हकमा अध्यापन अनुमति पत्र नभएका उम्मेदवारहरुले पनि दरखास्त दिन सक्ने छन् ।

३) विद्यालय संचालन अनुदान शिक्षकहरुको पदपुर्ती किसिम :
क) लिखित परीक्षा पूर्णाङ्क १००
ख) मौखिक परीक्षा पूर्णाङ्क २५
ग) प्रयोगात्मक (कम्प्यूटर विषय) पूर्णाङ्क २५

४) लिखित परीक्षाको पाठ्यकम शिक्षक सेवा आयोगले निर्धारण गरे वमोजिम हुनेछ ।

५) यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कार्यरत निजी शिक्षकहरुको हकमा एक पटकका लागि उमेर हद लाग्ने छैन ।

६) दरखास्त दस्तुरः प्रा.वि. रु. ५००।-, नि.मा.वि. रु. ७००।-, मा.वि. रु. १०००।-,

७) अनुदान शिक्षक छनौट गर्ने क्रममा सम्वन्धीत विद्यालयमा निजी शिक्षकको रुपमा कार्यरत रहेको न्यूनतम आधार पुरा गरेको अवस्थामा मौखिक आन्तरिक परीक्षा लिई पदपूर्ति गर्न सकिनेछ । जसको लागि सम्वन्धीत विद्यालय व्यवस्थापन समितिले सिफारिस गर्नुपर्नेछ ।

आज्ञाले,

अमर बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत